मिति: २०८०।१२।०७
समय: दिनको ११:०० बजे

बैठक नं. ०८/२०८०/०८१

आज मिति २०८० चैत्र ०७ गते बुधबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी तपशिल अनुसारका प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | |
| २ | श्री विपना कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री पर्खिधन राई | वडा अध्यक्ष (वडा नं. १) | |
| ४ | श्री प्रदिप राई | वडा अध्यक्ष (वडा नं. २) | |
| ५ | श्री दुर्गा बहादुर राई | वडा अध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री सरस्वती राई | वडा अध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री महलसिं राई | वडा अध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री सिद्धिमनि राई | कार्यपालिका सदस्य | |
| ९ | श्री सिता माया वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री निर कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | |
| १४ | श्री नविन कुमार गोले | सचिव | |

आमन्त्रित

| क.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नारायण काजी बस्नेत | लेखा अधिकृत | |
| २. | श्री झमक बहादुर कटुवाल | शिक्षा अधिकृत | |
| ३. | श्री हरि प्रसाद आचार्य | स्वास्थ्य ~~संयोजक~~ प्रमुख | |
| ४. | श्री कल्पना अधिकारी | कम्प्युटर अपरेटर | |
| ५. | श्री प्रमिना कुलुङ | कार्यालय सहयोगी | |

प्रस्ताव तथा निर्णयहरु

<table>
<tr><th>क.सं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>१.</td><td>आ.व. २०८१।०८२ का लागि प्रदेश समपुरक अनुदान कार्यक्रम प्रस्ताव सम्बन्धमा ।</td><td>आ.व.२०८१।०८२ का लागि कोशी प्रदेश सरकारलाई समपुरक अनुदान तर्फ देहाय अनुसार प्राथमिकता क्रम रहने गरि कार्यक्रम पेश गर्ने ।
<table>
<tr><th>प्राथमिकता क्र.सं.</th><th>प्रस्ताव गर्ने योजना तथा कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>फुलवती खोला पुल निर्माण क्रमागत</td><td>१००००००००</td></tr>
<tr><td>२</td><td>दुदुन खोला पुल निर्माण</td><td>३००००००००</td></tr>
</table></td></tr>
<tr><td>२.</td><td>कुलुङ भवनको कम्पाउण्ड तथा घेराबार निर्माण सम्बन्धमा ।</td><td>आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत कार्यक्रम काठमाडौंको गोकर्णेश्वर नगरपालिकामा अवस्थित कुलुङ भवनको कम्पाउण्ड तथा</td></tr>
</table>

मिति: २०८०।१२।०७
समय: दिनको ११:०० बजे

बैठक नं. ०८/२०८०/०८१

<table>
<tr><td></td><td></td><td>घेराबार निर्माणमा विनियोजित रकम रु.१५,००,००० (पन्ध्र लाख) गोकर्णेश्वर नगरपालिकामा त्यहाको दररेट अनुसार कार्यान्वयन हुने हुँदा गोकर्णेश्वर नगरपालिकासँग सम्झौता गरि गोकर्णेश्वर नगरपालिका मार्फत योजना कार्यान्वयन गराउने र योजना सम्पन्न भए पश्चात योजना सम्पन्न प्रतिवेदन तथा योजनासँग सम्बन्धित सवै कागजातको प्रमाणित प्रतिलिपि लिई गोकर्णेश्वर नगरपालिकालाई रकम निकासा गर्ने ।</td></tr>
<tr><td>३.</td><td>कृषि तथा पशु सेवा शाखाको कार्यक्रम सम्बन्धमा ।</td><td>कृषि व्यवसाय प्रवर्द्धन समितिको मिति २०८०।१२।०१ गतेको निर्णय र व्यवसायिक पशुपंक्षी पालन कार्यक्रम संचालन कार्यविधि, २०७६ बमोजिम प्रदेश सशर्त तर्फ भेडा तथा चौरी प्रवर्द्धन कार्यक्रमको प्रस्ताव मूल्याङ्कन तथा अनुदानग्राही छनौट समितिको मिति २०८०।११।३० गतेको निर्णयलाई अनुमोदन गर्ने ।</td></tr>
<tr><td>४.</td><td>खेलाडीहरुलाई सम्मान/प्रोत्साहन गर्ने सम्बन्धमा ।</td><td>यस गाउँपालिकामा स्थायी बसोबास भई खेलकुद क्षेत्र मार्फत महाकुलुङ गाउँपालिका, कोशी प्रदेश तथा राष्ट्रलाई योगदान दिनु हुने देहाय बमोजिमका खेलाडीहरुलाई तपशिल बमोजिमको राशी सहित सम्मान तथा प्रोत्साहन गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>नाम</th><th>रकम</th><th>खेल विधा</th></tr>
<tr><td>१</td><td>श्री प्रिति राई</td><td>५००००</td><td>फुटवल</td></tr>
<tr><td>२</td><td>श्री सुमन कुलुङ</td><td>२५०००</td><td>एथलेटिक्स म्याराथुन</td></tr>
<tr><td>३</td><td>श्री सुदिप कुलुङ</td><td>२५०००</td><td>एथलेटिक्स म्याराथुन</td></tr>
<tr><td>४</td><td>श्री अर्जुन कुलुङ</td><td>२५०००</td><td>अल्ट्राधावक</td></tr>
</table></td></tr>
<tr><td>५.</td><td>रकमान्तर सम्बन्धमा ।</td><td>विनियोजन ऐन, २०८० बमोजिम आगामी गाउँसभावाट अनुमोदन हुने गरी देहाय अनुसार रकमान्तर गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>शिर्षक</th><th>जम्मा वजेट</th><th>संशोधन गर्ने वजेट</th><th>रकमान्तर हुने/गर्ने योजना कार्यक्रम</th></tr>
<tr><td>१</td><td>भैपरी आउने पुँजीगत</td><td>१००००००</td><td>३३००००</td><td>फुलवती खोला ट्र्याक ओपन (पुल पारी छेल्कास पट्टी बाटो नभएकाले)</td></tr>
<tr><td>२</td><td>जि फाउन्डेसनको साझेदारीमा महाकुलुङ गाउँपालिकाको आवधिक योजना निर्माण</td><td>७०००००</td><td>१५००००</td><td>खेलकुद विकास तथा खेलाडी सम्मान कार्यक्रम</td></tr>
</table></td></tr>
</table>

मिति: २०८०।१२।०७
समय: दिनको ११:०० बजे

बैठक नं. ०८/२०८०/०८१

| | | |
|---|---|---|
| ६. | वृद्धाश्रमको मर्मत संभार सम्बन्धमा । | वृद्धाश्रम संचालनका लागि विनियोजित १५,००,००० (पन्ध्र लाख) मध्ये १,५०,००० (एक लाख पचास हजार) बाट स्वीकृत लागत अनुमान बमोजिम वृद्धाश्रममा वाल निर्माण तथा रंगरोगन गर्ने । |
| ७. | प्राविधिक कर्मचारीको पदपूर्ति सम्बन्धमा । | रिक्त भएका डेन्टल हाईजेनिस्ट पद संख्या १ र सव ईञ्जिनियर पद संख्या १ का लागि विज्ञापन गर्न कार्यालयलाई अनुमती दिने । |
| ८. | काजमा रहेका कर्मचारी सम्बन्धमा । | यस कार्यालयमा दरबन्दी रही अन्यत्र काजमा खटिएका कर्मचारीहरु १ महिना भित्र सरुवा सहमती लिई सरुवा भई जाने वा काज फिर्ता मध्ये एक रोज्न लगाई सो बमोजिम गर्न तथा सम्बन्धित कार्यालयमा लेखी पठाउन कार्यालयलाई निर्देशन दिने । |
| ९. | छेस्काम मुद्धि मेरापिक पर्यटन पदमार्ग स्तरोन्नतीको अनुगमन सम्बन्धमा । | छेस्काम मुद्धि मेरापिक पर्यटन पदमार्ग स्तरोन्नती निर्माण उपभोक्ता समितिले गरेको कामहरुको अन्तिम नापी तथा फिल्ड सर्वेक्षण र अनुगमनका लागि भौगोलिक कठिनाई तथा सेवा प्रवाहका कारण गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तत्काल जान सम्भव नभएकाले यस गाउँपालिका वडा नं. ३ का अध्यक्ष श्री दुर्गा बहादुर राई, वडा नं. २ का अध्यक्ष श्री प्रदिप राई, शिक्षा अधिकृत श्री झमक बहादुर कटुवाल, प्राविधिकद्धय श्री योगेन्द्र राई र श्री युवराज राई साथै योजना शाखामा कार्यरत श्री विनोद बाबु बस्नेतलाई काजमा खटाउने । |
| १०. | स्थानीय पाठ्यक्रम लागु/ कार्यान्वयन सम्बन्धमा । | महाकुलुङ गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा आधारभुत कक्षा ८ मा शैक्षिक सत्र २०८१ देखि कुलुङ र शेर्पा भाषा अन्तरगत भोट भाषाको पाठ्यक्रम लागु गरी पठनपाठनको व्यवस्था गर्ने । |